
# लेखापरीक्षण प्रतिवेदन

## याङवरक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# याङ्वरक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/47

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

## कैफियतसहितको राय

हामीले **याङवरक गाउँपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६ करोड ७६ लाख ६८ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार विकासको रु.१ करोड ९२ लाख २८ हजार र स्वास्थ्य सुधारको १५ लाख १५ हजार समेत गरी रु.८ करोड ८४ लाख ११ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ८ करोड ९१ लाख, ६८ हजार लेखापरीक्षण गरिएकोमा रू.३ करोड १२ लाख १४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.२ करोड १२ लाख ६१ हजारको प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजुमा नियमित गर्नुपर्ने रु.९९ लाख ५३ हजार रहेको छ। गत वर्षसम्म रु.२८ लाख ९८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१ करोड २८ लाख ५१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **याङवरक गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवार **याङवरक गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७४ | ४३ | ३,१२,१४,२४० | ० | ३८ | २,१२,६१,०८२ | ० | ७४ | ५ | ९९,५३,१५८ | ० | ९९,५३,१५९ | ० | ० | ० | ९९,५३,१५९ | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाँचथर | २८,९८,००० | ० | ० | २८,९८,००० | 0 | ९९,५३,१५८ | १,२८,५१,१५८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २१ | सञ्चित कोषमा जम्मा (ट्रान्सफर) : | ३०,०८,०९६ |
| २ | २०८०/८१ | ३९ | विज्ञापन बोर्डलाई भुक्तानी : | ९,२८२ |
| ३ | २०८०/८१ | ४५ | मृत्यु भएकालाई भत्ता : | ७८,३८५ |
| ४ | २०८०/८१ | ४२ | बील भन्दा बढी भुक्तानी : | ९,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०८०/८१ | २० | बिभाज्य कोष : | ४,३२,५४० |
| ६ | २०८०/८१ | १० | बिउ बिजन वितरण भरपाई : | १,००,००० |
| ७ | २०८०/८१ | ९ | बालि संरक्षण खर्च भुक्तानीको भरपाई : | १,९४,८०० |
| ८ | २०८०/८१ | ८ | फोटोकपी बिल : | २५,००३ |
| ९ | २०८०/८१ | ७४ | पेश्की बाँकी : | ४,५०,००० |
| १० | २०८०/८१ | १४ | पदाधिकारीको अनुगमन भत्ता : | ८०,६४० |
| ११ | २०८०/८१ | ४७ | थर्पु मा.वि.को एकेडेमिक भवन निर्माण : | ४,४५,९११ |
| १२ | २०८०/८१ | ५ | खर्चका प्रमाण कागजात : | ४०,००,००० |
| १३ | २०८०/८१ | ३८ | कन्सल्टिङ खर्चको घरौटी कट्टि : | ७०,१६५ |
| १४ | २०८०/८१ | १६ | अनुगमन भत्ता : | १३,००० |
| १५ | २०८०/८१ | ४६ | 15 शैयाको अस्पताल भवन निर्माण ठेक्का : | १,२३,४४,२६० |
| जम्मा | | | | २,१२,६१,०८० |

# (८०१०२५०६३०० - याङ्वरक गाउँपालिका, पाँचथर )

## परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस याङ्वरक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व, समन्वयलाई प्रवर्द्धन गर्नु, स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, २०८.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ३०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५। ७ देखि २०८१।५।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रु.१,०८,९१,६८,२८१।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १७६०५४। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | उक्त असुली रकममा ४ वटा विद्यालयको शिक्षकलाई तलब भत्ता भुक्तानी गर्दा कट्टा गर्न छुट भएको पारीश्रमिक कर असुल गरी पारीश्रमिक कर शिर्षकमा दाखिला | २८४७८ |
| २ | क्यापिटल टेक्नोलोजी मल्टिपर्पोज कन्सट्रक्सन प्रा.ली. बाट ढुङ्गा गिटी ठेक्काको मुल्य अभिवृद्धि कर दाखिला | १४७५७६ |
| | जम्मा | १७६०५४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.५४१२७० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

| **सफ्टवेयरकोनाम** | **प्रयोजन** | **रकम** |
| --- | --- | --- |
| TRMIS | ठेक्काअभिलेखव्यवस्थापनप्रणाली | ४९१५५० |
| G1DMIS | सुनौला १००० दिने आमा र वच्चाको स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली | ४९७२० |
| | **जम्मा** | ५४१२७० |

३ **परामर्स तथा डीपीआर खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(2) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यसरी लागत अनुमान तयार गर्दा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआरलगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्नेमा यस पालिकाले गत बर्ष परामर्श सेवाका लागि सम्झौता गरेको निम्नानुसारका रु ४० लाखका ४ सम्झौता गरेको र सोको लागि रु ३८३१०६०। भुक्तानी भएकोमा योजना कार्यान्वियन भएको छैन । यस्तै यो वर्ष स्वीकृत बार्षिक कार्यक्रमअनुसार स्वीकृत भएका रु १२००००।का १ सम्झौता भइ रु ८००००। भुक्तानि भएकोमा सो योजना समेत कार्यान्वियन भएको छैन ।

| क्र.सं. | परामर्शदाता | कार्य विवरण | स्वीकृतबजेट | जम्मा | कार्यन्वयन भएनभएको |
|---|---|---|---|---|---|
| १ | राप्ती मेचि इन्जिनियरिङ कन्सल्टेण्ट, | १५ शैय्या अस्पताल भवन थर्पु,डि.पि.आर योजना | १८००००० | १७८८९६० | कार्यन्वयनकोचरणमा रहेहो |
| २ | राप्ती मेचि इन्जिनियरिङ कन्सल्टेण्ट, | नागी स्वास्थ्य चौकी भवन डि.पि.आर | १२००००० | ११८०००० | बजेट मागकोचरणमा रहेक |
| ३ | सन बजार प्रा ली | बाँनिया डाँडा चरी भञ्ज्याङ सडक | ५००००० | ४२९६०० | कार्यन्वयनकोचरणमा रहेहो |
| ४ | राप्ती मेचि इन्जिनियरिङ कन्सल्टेण्ट, | सिम्ले हिटिधारा पर्यटकीय पूर्वाधार | ५००००० | ४३२५०० | एक चरणको काम भई वाँकी बजेट मागको चरणमा रहेको |
| | जम्मा | | ४०००००० | ३८३१०६० | |
| आ.व २०८०/०८१ मा भएको । | | | | | |
| १ | सेलिङ सिम्बलबोट सिप्सेलुङ र साकेला थान | के.एस.एस. इन्जिनियरिङ कन्सल्टेन्सि | १२०००० | ८०००० | बजेट मागकोचरणमा रहेक |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै, यसरी तयार भएका अध्ययन प्रतिवेदनमध्ये केही आयोजनाहरुको कार्यान्वियनका लागि आवश्यक बजेट व्यवस्था हुन नसकेको देखिदाँ आगामी दिनमा उक्त आयोजनाहरूमा आवश्यक बजेटको व्यवस्था गरी आयोजना कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४ **मर्मत खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी, सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा यस वर्ष चारपाङ्ग्रे सवारी साधन १ र मोटरसाइकल २७ वटा रहेकोमा उक्त सवारी साधनहरुको मर्मतमा रु. १५,७२,८९२।- र जेनेरेटर ३, ल्यापटप १५, इन्भर्टर ५ र कम्प्युटर तथा प्रिन्टरलगायत मेशिनेरी औजार मर्मत सम्भार तथा सञ्चालन खर्चमा रु. २,६५,७७१।- खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने तथा मर्मत आदेश फाराम भर्ने नगरेको हुँदा आगामी दिनमा कानुनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्दछ ।

५ **खर्चका प्रमाण कागजात :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **४,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६ **इन्धन खर्च :**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै, सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्नेजस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (पदाधिकारी) तर्फ रु. ३,६१,५८५।-, इन्धन (कार्यलय प्रयोजन) तर्फ रु.२,४९,७७६।- र इन्धन (अन्य प्रयोजन) शिर्षकबाट यस वर्ष रु. ६,११,३६१।- खर्च गरेको छ । पालिकाले तयार गरेको इन्धन मापदण्ड पालना भएको छैन भने सवारी साधनअनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । अत: आगामी दिनमा पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन तयार गरेको इन्धन मापदण्डको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७ **सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रा.लि. मार्फत् रु. ३,३२,०००।- खर्च गरी सार्वजनिक सुनुवाई र रौताहा टेक्निकल कलेजमार्फत् रु. २,३८,९१०।- खर्च गरी उद्यमशिलता सीप विकास तालिम अन्तर्गत सामाजिक परीक्षण कार्य गरेको छ । पालिकाबाट सम्पादित हुने कामको सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई गरी सम्बन्धितलाई जवाफदेही र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

८ **फोटोकपी बिल :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२०,००३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९ **बालि संरक्षण खर्च भुक्तानीको भरपाई :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१९४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१० **बिउ बिजन वितरण भरपाई :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

११ **हेभी इक्विपमेण्टको प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता

समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| सि.नं | गोभौनं./मिति | उपभोक्तासमितिको नाम | कामको विवरण | निर्माणव्यवसायी | उपभोक्ता समितिलाई भुक्तानी रकम | हेभी उपकरण | हेभी उपकरणमा खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | ९-२०८०।०६।२९ | फुलादिन टोल विकाससंस्था | BOP चिवाभंजाङ जानेमोटरबाटो स्तरोन्नती | भोजपुरे कन्ट्रक्सन | २६२८९४ | स्काभेटर | २६२८९३.७८ |
| २ | ३३-२०८०।१०।१९ | हिटिधारा टोल विकाससंस्था | खरिबोटे लंचुवाकेदाम्बा मोटरबाटो स्तरोन्नती | भोजपुरे कन्ट्रक्सन | ९७०००० | स्काभेटर | ९२९१९३.६३ |
| ३ | ५३-२०८०।१२।२१ | हिटिधारा टोल विकाससंस्था | वडा नं ५ को सडक मर्मत | भोजपुरे कन्ट्रक्सन | ३८७९८८ | स्काभेटर | ३८३२६३.३४ |
| ४ | ५७-२०८०।१२।२१ | हिटिधारा टोल विकाससंस्था | केदिम्बा गैरीबारीसुनुवार गोलाई भारतीडाँडा मोटरबाटो स्तरोन्नती | भोजपुरे कन्ट्रक्सन | ८५३३४५ | स्काभेटर | ८९४१०३.२२ |
| ५ | ८२-२०८१।०२।१६ | सुम्निमा टोल विकाससंस्था | फाक्लुङ भैसे पोखरीसडक स्तरोन्नती | कान्ति कृतिकन्स्ट्रक्सन प्रा. लि | ४८५००० | स्काभेटर | ४६२१९४.५५ |
| ६ | ८८-२०८१।०२।२२ | हिटिधारा टोल विकाससंस्था | निगाले किरात माङहिममोटरबाटो स्तरोन्नती | भोजपुरे कन्ट्रक्सन | ९७००० | स्काभेटर | ९९३९७.९ |
| ७ | ९९-२०८१।०३।०६ | नुबाफुङ क्लब | बेतेनी खेलमैदाननिर्माण | किस्मत निश्चलकन्स्ट्रक्सन | ४८५००० | स्काभेटर | ४२३७५० |
| ८ | १०१-२०८१।०३।०६ | ऐसेलु टोल विकाससंस्था | ऐसेलुङ झगडे पाखेमोटरबाटो स्तरोन्नती | भोजपुरे कन्ट्रक्सन | २४२५०० | स्काभेटर | २२२५८१.६७ |
| ९ | १२४-२०८१।०३।१६ | सिंहलिला टोल विकाससंस्था | तोरीफुले जाने सडकस्तरोन्नती | माङ्गेनालुङकन्स्ट्रक्सन प्रा.ली | ४८५००० | स्काभेटर | ५००००० |
| १० | १२५-२०८१।०३।१६ | सिंहलिला टोल विकाससंस्था | पाल्लेबाँस देखीखोलाघारी जाने ट्रायक ओपन | माङ्गेनालुङकन्स्ट्रक्सन प्रा.ली | २९१००० | स्काभेटर | ३००००० |
| ११ | १२६-२०८१।०३।१७ | सिंहलिला टोल विकाससंस्था | मगरडाँडा देखीफेदिसम्म जाने मोटरबाटो ट्र्याक ओपन | माङ्गेनालुङकन्स्ट्रक्सन प्रा.ली | २९१००० | स्काभेटर | २५०००० |
| १२ | १६४-२०८१।०३।१९ | युमा संसारी विरुवाटोल विकास संस्था | चाङ्थापु ८ र ९ जोड्नेझोलुङ्गे पुल सम्मको बाटो निर्माण | माङ्गेनालुङकन्स्ट्रक्सन प्रा.ली | २९१००० | स्काभेटर | २४२००० |
| १३ | १६५-२०८१।०३।१९ | दारिम्बा टोल विकाससमिति | मग्रान्ती टोल आङ्बोडाडा सिरिसे दाहाल गाँउ जोड्ने बाटो | भोजपुरे कन्ट्रक्सन | २४१४६६ | स्काभेटर | २५२९४१ |
| १४ | २०४-२०८१।०३।२४ | बसन्त डाडा टोल विकाससंस्था | नुलो गोलाई देखिसेलेजुङ जाने मोटर बाटो निर्माण | भोजपुरे कन्ट्रक्सन | ९७०००० | स्काभेटर | १०१८८७५.९६ |
| | | **जम्मा** | | | **६३५३१९३** | | **६२४११९५.०५** |

१२ **पूँजीगत शिर्षकबाट चालु प्रकृतिको खर्च :**

पूँजी सिर्जना नहुनेखालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानिय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले देहायअनुसार पूँजी निर्माणमा सहयोग नगर्ने, उत्पादन वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शिर्षकमा बजेट विनियोजन गरी खर्च लेखेको पाइयो । बजेट विनियोजन गर्दा ध्यान दिई पूँजिगत प्रकृतिका खर्च मात्र पूँजीगत शिर्षकमा राखी बजेट विनियोजन गर्नुपर्दछ ।

| **सि.नं.** | **प्रयोजन** | **भुक्तानी पाउनेको नाम** | **रकम** |
|---|---|---|---|
| १ | ७५% अनुदानमा अलैची वीउ वितरण | लक्ष्मी कृषि तथा पशु फर्म | १७९९९८ |
| | **जम्मा** | | **१७९९९८** |

१३ **स्वामित्व हस्तान्तरण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्षवस्था रहेको छ । गाँउपालिकातर्फ यस वर्ष ८६ वटायोजना उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत कार्यान्वियन भएको छन् । पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सम्पन्न गरेका कुनै पनि योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गरेको पाइएन । नियमावलीमा व्यवस्था गरेबमोजिम सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गरी त्यसको स्वामित्व अभिवृद्धी गर्नुतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **पदाधिकारीको अनुगमन भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **६,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **३,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **३,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१५ **औषधी खरिद :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस गाउँपालिकाले यस वर्ष संघीय वजेटवाट सिलबन्दी वोलपत्रको माध्यमवाट रु.३०,५६,४९५। को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।

· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

· जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

· औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१६ **अनुगमन भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१७ **कर तथा शुल्क असुली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्वसंकेत | आम्दानी शीर्षक | लक्ष्य | असुली रकम | असुलीप्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १५०००० | १८८०५७ | १२५ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५००००० | १३९५१७८ | २७९ |
| ३ | ११३१७ | वहाल कर | ३००००० | ९००७२६ | ३०० |
| ४ | ११३१८ | वहाल विटौरी कर | ५०००० | ० | ० |
| ५ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | १००० | ० |
| ६ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | १००० | २०० | २० |
| ७ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००० | १०३२७५ | १०३२८ |
| ८ | ११६९१ | अन्य कर | ० | १६३०० | ० |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५५०००० | ३२८५८ | ६ |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १००० | ५००० | ५०० |
| ११ | १४२२१ | न्यायिक दस्तूर | १००० | १४२०० | १४२० |
| १२ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ५००० | ३८९०० | ७७८ |
| १३ | १४२२४ | परीक्षा शुल्क | १०००० | १५५०० | १५५ |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ५०००० | ४२४०२४० | ८४८० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ५००० | ० | ० |
| १६ | १४२४३ | सिफारिश दस्तुर | १५८२००० | २८६५५० | १८ |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००० | २६०६०० | ६५२ |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | २००० | ४४३०० | २२१५ |
| १९ | १४२४९ | अन्य दस्तुर | १००० | ३९७५५९ | ३९७५६ |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५०००० | २६२२०५ | १७५ |
| २१ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १००० | १०५०० | १०५० |
| २२ | १४२६५ | अन्य क्षेत्रको आय | ० | ११६१९७ | ० |
| २३ | १४५२९ | अन्य राजस्व | ० | १०६६१ | ० |
| २४ | १४६११ | व्यवसाय कर | ० | ५०० | ० |
| २५ | १५१११ | बेरूजू | १००००० | ४१६२६० | ४१६ |
| जम्मा | | | ३५००००० | ८७५६७६७ | २५० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

१८ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २६२२०५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१९ **राजश्व अभिलेख :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजश्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरुबाट मालपोतलगायतका कर राजश्व संकलन गरेको देखिन्छ । पालिकाको आन्तरिक राजश्व खातामा सोझै सेवाग्राहीबाट जम्मा हुने गरेको राजश्व रकमलाई अनलाइन प्रणालीमा अभिलेख गरी अद्यावधिक गरेको पाइएन । पालिकाबाट लेखापरीक्षणमा पेश भएको आन्तरिक राजश्व खाताको विवरणअनुसार उक्त खातामा रु. ८७७२७२८.०४ आम्दानी भएको देखिन्छ भने अनलाइन राजश्व सफ्टवेयर प्रणालीको प्रतिवेदनअनुसार रु. ८७५६७६७।- मात्र आम्दानी भएको देखिन्छ । पालिकाको वडाअनुसार अनलाइन राजश्व सफ्टवेयर प्रणालीमा प्राप्त रकम र सुत्रमा आम्दानी बाँधिएको आम्दानी रकममा फरक देखिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजश्व रकम आन्तरिक राजश्व खातामा जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाले राजश्व सफ्टवेयरमा सबै राजश्व रकम अभिलेख नहुनुमा बेरूजु, घर बहाल कर, सिफारिस दस्तुरलगायतका करहरू सफ्टवेयरमा दाखिला नगरी बैंकमा जम्मा गरेको र सोही आधारमा सुत्रमा मात्र आम्दानी बाँधेको प्रतिक्रिया दिएको छ । अतः यस सम्बन्धमा तहाँ पालिकाबाटै यकिन गरी यथार्थ विवरण तयार गर्नुपर्दछ । आगामी दिनमा पालिकाले राजश्व असूलीलाई पूर्णरुपमा स्वचालित प्रणालीमार्फत् व्यवस्थापन गर्नेसम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले नगदी र मालपोत रसिदको प्रयोग नगरी अनलाइन राजश्व प्रणालीको प्रयोग गरिएको पाइयो ।
- पालिका र वडाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजश्वको भौचरसँग अन्तरआबद्धता हुने गरी सफ्टवेयर प्रणालीको विकास गरिएको छैन ।
- पालिका र अन्तर्गतका वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजश्व रकम ढिला गरी बैंक जम्मा गर्ने गरेको पाइयो ।
- पालिका र वडाबाट संकलन सफ्टवेयरबाट राजस्व संकलन गर्दा प्रतिवेदनमा उल्लेख भएको रकमभन्दा कमी राजस्व जम्मा भएको छ । जसमा पालिकाले एउटै राजस्व रकम धेरै पटक सफ्टवेयरमा अभिलेख भएकोले रद्द गरिएको प्रतिक्रिया दिएको छ ।
- वडाबाट प्राप्त भएको नगदी र मालपोत रसिदबाट के कति रकम संकलन भएको हो यथार्थ विवरण तयार नगरेको हुँदा उक्त रकम बैंक दाखिला भएको यकिन गर्न सकिएन ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वियन भएको देखिएन ।
- ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालिन सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।
- पालिकाले नेपाल प्रहरीको सहकार्यमा निकासी कर संकलन गरी प्राप्त आम्दानीको २० प्रतिशत नेपाल प्रहरीलाई प्रोत्साहनस्वरुप प्रदान गरेको छ । पालिकाले निकासी करलगायतका केही आम्दानी आन्तरिक राजश्व खातामा बैंक दाखिला गरी राजश्व रेभिन्यू मोडल सिस्टममा आम्दानी बाँधी हिसाब एकिकृत मिलान गरेको देखिन्छ ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट राजश्व संकलन गर्ने, रसिद नियन्त्रण खाताको पारदर्शी र प्रभावकारी व्यवस्थापन गर्ने, सम्पत्ति कर तथा व्यवसाय करको पूर्ण कार्यान्वियन गर्ने लगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

२० **बिभाज्य कोष :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२०** को निर्णयले रू **४३२,५४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२३** को निर्णयले रू **३,००८,०९५.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२२ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५२,४३,००,८५९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु ५१,२९,७२,८३४.३४ अर्थात अनुमान भन्दा २.३१ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२३ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३२५५५०८३० | ८७५६७६७.०४ | ०.३७६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३७६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **शिक्षक दरवन्दी र पदपुर्ति :**

गाउँपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपुर्ति देहाय अनुसार रहेको छ ।

| क्र.सं | विद्यालयकोनाम | शिक्षक दरबन्दी | विद्यार्थी संख्या (कक्षा १-१२) |
|---|---|---|---|
| १ | विष्णुमा.वि., च्याङ्थापु | १८ | ४२३ |
| २ | सिंहदेवीआ.वि., समरजुङ | ६ | ६१ |
| ३ | पवित्रा आ.वि., ठिङ्गेपुर | २ | १९ |
| ४ | पूर्ण आ.वि., विरुवा | २ | ४१ |
| ५ | सिंहकालीआ.वि., एकराते | २ | १५ |
| ६ | नारायणीमा.वि., गंगावा | ११ | १८३ |
| ७ | वुद्ध मा.वि., नाम्रेक | १० | १६१ |
| ८ | सिंहकालीआ.वि., तिम्तिम्बु | ६ | ११९ |
| ९ | इन्द्रावतीआ.वि., सेरेजा | ३ | ४१ |
| १० | तिम्बुपोखरीआ.वि., वर्मे | १ | ११ |
| ११ | जसोदा आ.वि., फलैँचा | १ | २० |
| १२ | सूर्यकिरणआ.वि., साँगागाऊ | २ | ३१ |
| १३ | सूर्यप्रभातआ.वि., मुक्लाबु | २ | २९ |
| १४ | सुर्योदयआ.वि., सेपि | ३ | ३६ |
| १५ | सिदिङ्गाआ.वि., नेखेवा | १ | १४ |
| १६ | गणेश मा.वि., नागी | १६ | ३९३ |
| १७ | भानु आ.वि., याङसिबुङ | ८ | ५६ |
| १८ | सरस्वती आ.वि., मुकुबुङ | ३ | ५१ |
| १९ | आगेजुङ आ.वि., बोझेधारा | ५ | ६१ |
| २१ | जनचेतना आ.वि., ओखरबोटे | ६ | ८१ |
| २१ | शिक्षानिकेतनआ.वि., दारिमबोटे | २ | ३६ |
| २२ | फक्ताङ्लुङआ.वि., लुम्बाङ्गो | १ | १० |
| २३ | गुप्तेश्वरमा.वि., ओयाम | १६ | ३७४ |
| २४ | सिंहवाहिनीआ.वि., मुसेपा | २ | १५ |
| २५ | वुद्ध आ.वि., चोत्रोक | ८ | १०२ |
| २६ | सिद्धेश्वरीआ.वि., वारेवुङ | ६ | ५४ |
| २७ | धर्मभक्तआ.वि., भञ्ज्याङ | २ | १४ |
| २८ | इन्द्रावतीआ.वि., सामाङ्खु | २ | १७ |
| २९ | जनता आ.वि., वसन्तडाँडा | ३ | २१ |
| ३० | जनज्योतीआ.वि., फाक्लुङ | १ | १५ |

| | | | |
|---|---|---|---|
| ३१ | थर्पु मा.वि., थर्पु | २० | ५५७ |
| ३२ | सिरिसे मा.वि., सिरिसे | ९ | १८८ |
| ३३ | सरस्वति आ.वि., ऐंसेलुटार | ३ | ६४ |
| ३४ | चन्द्रोदयआ.वि., देविस्थान | २ | ३२ |
| ३५ | लेखनाथ आ.वि., सालबोटे | २ | २४ |
| ३६ | जनकल्याणआ.वि., बरडाँडा | ३ | ५१ |
| ३७ | जनता आ.वि., खमारे | १ | २१ |
| | **जम्मा** | १९१ | ३४४१ |
| | | | |

उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १८ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलानको कार्य यथाशिघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

२५ **निशुल्क पाठ्यपुस्तक अनुदान :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत संचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु १८,७६,५५७।- विभिन्न विद्यालयहरुलाई निकासा दिएको छ।उक्त निकासाबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई वितरण गरेको/ नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन। कार्यक्रम कार्यान्वयन पुस्तिकाले ब्यवस्था गरेबमोजिम अनुगमन तथा प्रतिवेदन तयार गर्नुपर्दछ ।

२६ **विद्यालय भौतिक पुर्वाधार :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन।

२७ **छात्रवृत्ति (गैरआवासीय) :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा विभिन्न विद्यालयहरुलाई रु ४,३६,८००।–छात्रवृत्ति अनुदान निकासा दिएको छ।उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी प्रतिवेदन गर्नुपर्दछ ।

२८ **बुक कर्नर :**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० अनुसार शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु ५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु १५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु २०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु २५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्तत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल बिकास मा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु.७,६६,१५० अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गर्नुपर्दछ ।

२९ **विद्यालयको अनुदानको अनुगमन :**

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१, कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

३० **दिवाखाजा :**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा समावेश भएको प्रारम्भिक बालविकास देखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रतिविद्यार्थी दैनिक रु. १५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको छ।त्यस्तै, प्रत्येक चौमासिक मा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आ.व २०८०।८१ मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न ३७ वटा विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु. ३३,८४,०१५ निकासा गरेको छ।विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन।पालिकाले अनुगमन निरीश्रण गरि कार्यक्रम कार्यान्वयनको प्रगती तथा तोकिए बमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३१ **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ। आ.व. २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

३२ **विद्यालयगत निकासा अभिलेख :**

अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा अभिलेख खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

३३ **शैक्षिक प्रतिवेदन :**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना

भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

३४ **अन्य कार्यालयको खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीक्त नियमावली २०७६ को नियम ३९ (५) अनुसार सरकारी खर्चलेख्दा विल भरपाई तथा अन्य प्रमाण संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। यस पालिकाले भौ. नं. ६५०(२०८१/०३/१४) गाउँपालिका चालु तर्फ खर्च लेख्दा विल भरपाई संलग्न गरेपनी असम्बन्धित कार्यालायको खर्च भुक्तानी स्वरुप जिल्ला प्रहरी कार्यालय पाँचथरको ना. १. झ ६२८ को सवारी मर्मत वापत २०८१/०१/०१ को विजक पेश गरी पाथिभरा अटो मोटर्सलाई रु. ६०,७१६.०० भुक्तानी गरेको देखिन्छ। संघीय सरकारी कोषबाट बजेट विनियोजन हुने अन्य कार्यालयको खर्च भुक्तानी गर्दा पालिकालाई थप आर्थिक भार परेको छ । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी :**

प्रदेश नं. १, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने व्यवस्था रहेको छ । त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले पानी, विजुली र टेलिफोनको महसुल भुक्तानी गर्दा रिवेट (छुट) नलिई जरिवानाको रकम समेत भुक्तानी गरेको र अग्रिम (Advance) रकम भुक्तानी गर्ने गरेको पाइएको हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिने गरी गर्नुपर्दछ ।

३६ **सूचना प्रकाशनमा छुट :**

गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २क मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरे बापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । त्यसैगरी, पालिकाले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । तर, पालिकाले सोझै मिडिया एजेन्सीमार्फत् विभिन्न सूचना प्रकाशन गरी १५ प्रतिशतसम्म छुट लिएको देखिन्छ । आगामी दिनमा पालिकाले विज्ञापन तथा सूचना प्रकाशन गर्दा सरकारी कार्यालयले प्राप्त गर्ने कम्तीमा २५ प्रतिशतसम्म वा सिलबन्दी दरभाउपत्रमार्फत् प्रतिस्पर्धात्मक रुपमा छुट रकम लिने गरी खर्च गर्नुपर्दछ ।

३७ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु १० लाख भन्दा माथि रु २० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा बढीको खरिद बोलपत्रको माध्यमबाट गर्न सकिने व्यवस्था रहेको छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तीकर्तासँग एकपटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष पूँजीगत र चालु किसिमका वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु

| सि.नं. | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | खरिद/कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४४-२०८०।१०।२४ | मारुति ट्रेड एण्ड सप्लायर्स प्रा.लि | प्रशासकीय भवन व्यवस्थापन | ४०९६१३ |
| २ | ६३-२०८१।०३।१३ | पावरजेन इन्टरनेशनल | प्रशासकीय भवनका लागी जेनेरेटर खरिद | ८०६९४४ |
| ३ | १६३-२०८१।०३।१९ | सि.आई.एस नेटसंचार | प्रशासकीय भवनमा इन्टरनेट व्यवस्थापन | ५९५५९५ |
| ४ | १६६-२०८१।०३।१९ | कस्यप इलेक्ट्रोनिक्स | प्रशासकीय भवनमा सिसिटिभी जडान | ८६१५२० |
| ५ | १७३-२०८१।०३।२० | एस.एस. फर्निचर एण्ड फर्निसिङ | प्रशासकीय भवन बैठक हल व्यवस्थापन | ४६४९९५ |
| ६ | २७-२०८०।१०।१८ | सेवारो ट्रेड एण्ड सप्लायर्स | सामुदायिक भवन फर्निचर तथा अन्य व्यवस्थापन | ३३१०९० |
| ७ | ५८-२०८१।०१।१० | मारुती स्टोर्स | फर्निचर सामान खरिद | ९९११२३ |
| ८ | ११३-२०८१।०३।११ | क्वालिटी कम्प्यूटर | कम्प्यूटर, ल्यापटप लगायत सामाग्री खरिद | ८३१५४० |
| ९ | १५९-२०८१।०३।१९ | तेजस्वी कम्प्यूटर | एम्लिफायर, माइक्रोफोन, स्मार्ट बोर्ड लगायत खरिद | ३१८६०० |
| ९ | १७०-२०८१।०३।१९ | कस्तुरी आ.ई.टि होम प्रा.लि | अप्टिकल फिङ्गर फ्रन्ट स्कानर खरिद | ८१३६० |
| १० | ७२-२०८१।०१।२७ | गोल्डेन ट्रेड एण्ड सप्लायर्स | विपद व्यवस्थापनका लागी सामान खरिद | ९८८६४२ |
| ११ | ४५-२०८०।१०।२४ | मारुति ट्रेड एण्ड सप्लायर्स प्रा.लि | प्रशासकीय भवन कार्पेटीङ तथा डेकोरेशन | ७३४३२० |
| १३ | १४२-२०८१।०३।१७ | कृष्चल डाँगी स्टोर्स एण्ड सप्लायर्स | विपद व्यवस्थापनका लागी सामाग्री खरिद | ४९०१६५ |
| १४ | ४०-२०८०।१०।२३ | ग्राफिका ट्रेड एण्ड सप्लायर्स | साना सिचाई योजनामा टुल्स तथा औजार खरिद | ९७०२०७ |
| **जम्मा** | | | | **८८७५७१४** |

| | |
|---|---|
| अनियमित भएको | ८८,७५,७१४ |

३८ **कन्सल्टिङ खर्चको घरौटी कट्टि :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **४,२८०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **२१,९८४.७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१८** को निर्णयले रू **२१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **विज्ञापन बोर्डलाई भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२,११५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१,५६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२,३०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१,६४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **फोहोरमैला व्यवस्थापन :**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र दैनिक ३ मेट्रिक टन फोहोरमैला उत्पादन हुने गरेको र उक्त फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रुपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । पालिकाले फोहोरमैला व्यवस्थापन नीतिको तर्जुमा गरेकोमा सो को कार्यान्वयन गरेको देखिएन । पालिकामा वार्षिक १०९५ मेट्रिक टनभन्दा बढी फोहोरमैला उत्पादन हुने र यसको दर अझ बढ्न जाने अवस्था रहेकोले पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रुपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरुपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

४१ **अध्ययन भ्रमण खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले राजश्व तथा आयको आधार बिस्तार गर्न अध्ययन अनुसन्धान गरी विज्ञ टोलीको सुझाव समेतको आधारमा प्रतिवेदन समेत लिई सभाको निर्णयले कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। पालिकाले भौ. नं. ८९४-२०८१/०३/२३ बाट तिम्बुङ पोखरी क्षेत्रको अध्ययन अवलोकन भ्रमणको लागि बजेट स्वीकृत गरी गा.पा. अध्यक्षको

अध्यक्षतामा गाउँपालिकाका प्राविधिक सहायक सहितको १३ सदस्यीय समिति गठन गरी अध्ययन अवलोकन भ्रमण गरी प्रतिवेदन समेत लिएकोमा समितिको उद्देश्य अनुरुप पर्यटन सम्भावनाको आधार र सम्भावनाको अध्ययनको लागि वातावरण भूगोल, पर्यटन लगायत क्षेत्रका विज्ञलाई सहभागि नगराई बनाएको समितिको भ्रमण खर्च मनोरन्जनमा सिमित हुने गरी रु. २,००,०००.०० खर्च गरेकोले खर्चको उपयोगिता भएको नदेखिएको यस्तो प्रकारको खर्चमा नियन्त्रण गरी विवेकपूर्ण रुपमा सरकारी रकम खर्च गर्न तर्फ ध्यान दिनु पर्दछ।

४२ **बील भन्दा बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **अन्य संस्थाको लेखापरीक्षण खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकासंग असम्बन्धित खर्चको भुक्तानी गर्न नमिल्ने देखिन्छ ।गाउँपालिकाले १८ वटा टोल विकास संस्थाको क्रमश भौ.नं. ८६७ (२०८१/०३/२१) र भौ. नं. ३९३ (२०८०/१२/८) गरी दुईवटा भौचरबाट चन्द्र प्रसाद भट्टराई एण्ड एशोसिएट्सलाई (लाईसेन्न नं. ४७७३) कुल रु.१८००००।- भुक्तानी दिएको देखिएकोमा नियमसम्मत नभएको खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | १,८०,००० |

४४ **सामाजिक सुरक्षा भत्ता वितरण :**

रकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता वितरण गर्दा ऐन र नियमको अधिनमा रही व्यवस्थित, प्रभावकारी र पारदर्शी ढंगले वितरण गर्नगृह मन्त्रालयले तयार पारेको सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार यस पालिकाले पहिलो किस्ता देखिनै सेवा प्रदायक निकाय हिमालयन बैंक लि. याङवरक शाखा मार्फत सम्झौताकोशर्त नं. ७ अनुसार विद्युतीय माध्यमबाट तथ्याङ्क आदान प्रदान गरेको छ।पालिकाले विभिन्न भौचरहरुबाट सेवा प्रदायकबैंकलाई यस वर्ष रु. ६ करोड ७६ लाख ४२ हजार ४ सय ९२ रुपैया निकासा गरेकोमा उक्त बैंकले सम्पूर्ण रकम सम्बन्धित लाभग्राहीको खातामा निकासा गरेको भन्ने जानकारी कार्यालय मार्फत प्राप्त भयो । पालिकाले पालिकास्तरिय सामाजिक सुरक्षा भत्ता वितरण तथा अनुगमन समितिमार्फत उक्त भत्ता बसाइ सरी गएका, मृत्यु भएका, दोहोरो भुक्तानी भएका तथा भत्ता प्राप्तीको लागी योग्यता नभएकालाई भुक्तानी भए नभएको यकिन गर्ने र त्यस्तो भुक्तानी भएको पाइएमा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ ।कार्यालयले वितरण गर्ने सामाजिक सुरक्षा भत्ताको विस्तृत विवरण देहायअनुसार रहेको छ ।

| सामाजिक सुरक्षा भत्ताको प्रकार | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १०६२ | १२५६४११० | १०७७ | १२७५४४७५ | १०९६ | १२९६०२१३ | ११३१ | १३४७५४७२ | ४३६६ | ५१७५४२७० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५४ | ४३२३०० | ५२ | ४१४९६० | ५३ | ४१७६२० | ५३ | ४१७६२० | २१२ | १६८२५०० |
| जेष्ठ नागरिक एकल महिला | १५१ | १२०२३२० | १५१ | ११९९६६० | १५२ | १२०२३२० | १४० | १११७२०० | ५९४ | ४७२१५०० |
| विधवा | १६७ | १३१६७०० | १७३ | १३६४२१३ | १७६ | १३८५४९३ | १८२ | १४४१७२० | ६९८ | ५५०८१२६ |
| पूर्ण अपाङ्गता भत्ता | २८ | ३३५१६० | ३० | ३५९१०० | २९ | ३४७१३० | २९ | ३३५४१७ | ११६ | १३७६८०७ |
| अति अशक्त अपाङ्गता भत्ता | ८७ | ५५४०९६ | ८६ | ५४७१८० | ८५ | ५४०५१२ | ८७ | ५५१२१९ | ३४५ | २१९३००७ |
| दलित बालबालिका | ६१ | ९३८८० | ६८ | १०७१६२ | ६९ | १०४७३९ | ६७ | १००५०१ | २६५ | ४०६२८२ |
| **जम्मा** | **१६१०** | **१६४९८५६६** | **१६३७** | **१६७४६७५०** | **१६६०** | **१६९५८०२७** | **१६८९** | **१७४३९१४९** | **६५९६** | **६७६४२४९२** |

४५ **मृत्यु भएकालाई भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **३४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **९३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२७,०६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **१३,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **२,६४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **१५ शैयाको अस्पताल भवन निर्माण ठेक्का :**

याङवरक गाँउपालिकाको वडा नं. १, थर्पुमा निर्माण हुँदै गरेको १५ शैयाको अस्पताल भवनको लागत अनुमान रु.२४९९३७८२१।३२, २०७८ मा स्वीकृत भएको देखिन्छ । नमुना/वीर जे.भी. ले २०८०/०५/०१ मा सम्पन्न गर्ने गरी १४७५२२६५४।४९, २०७८/०४/२१ सम्झौता गरेकोमा २०८०/०४/३२ मा पहिलो पटक म्याद थप गरी २०८१/०५/०१ सम्म म्याद थप गरेको देखिन्छ । लेखापरिक्षण अवधि २०८१/०६/१० सम्म अधुरो ठेक्का म्याद समाप्त भएकोमा थप गरेको देखिदैन भने निर्माण कार्य सम्पन्न भएको छैन । यस ठेक्कामा देखिएका व्यहोरा तपशिल बमोजिम रहेको छ ।

४६.१ कोरोना माहामारी तथा जग्गा विवादको कारण निर्माण अवधि लम्बिएको भनी म्याद थपको निर्णय भएको देखिए पनि २०७८ पछाडी कोरोनाको माहामारी रहेको देखिदैन । साथै जग्गा विवादको कारण उल्लेख गरेकोमा सो हस्पिटल निर्माण सम्झौता गदर्कि अवस्थामा स्वास्थ्य मन्त्रालयले तोके बमोजिमको जग्गा प्राप्ती भएको हुनुपर्ने हुनाले सम्झौताको म्याद थप गर्दा स्वभाविक कारणहरु मात्र उल्लेख गर्नुपर्ने देखिन्छ ।

४६.२ ( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **३२४,१६८.७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.३ **थप बीमा पोलिसी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१२,०२०,०९१.०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४७ **थर्पु मा.वि.को एकेडेमिक भवन निर्माण :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **४४५,९१०.६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **सार्वजनिक निर्माण व्यवस्थापन : सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:-**

**(क) निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरुसमेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

**(ख) कार्य सम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत भएको ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर, पालिकाले सोअनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

**(ग) गुणस्तर परीक्षण-** सार्वजनिक खरिद तथा निर्माण सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्ति तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुः रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई. वायर तथा क्युब समेतको गुणस्तर परीक्षण कार्य केही ठुला ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परीक्षण गरेको पाइएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

४९ **स्थलगत अवलोकन :**

**(क)याङ्वरक पोखरी निर्माण ठेक्का (वडा नं. ४)**

याङवरक पोखरी निर्माण ठेक्कामा ६४४२५०९२।४८ मा कार्य सम्पन्न भएर अन्तिम भुक्तानी रु.१७९६७६८५।३१ भुक्तानी बाँकी रहेकोमा पार्कको वरपर राखिएको २ वटा काठको फलैँचा भाँचिएकोअवस्थामा देखिएकोले सोको मर्मत सकेर मात्र अन्तिम भुक्तानी दिन पर्दछ ।

**(ख) कभर्ड हल निर्माण (वडा नं. ५)**

१४.६७% भेरिएसन सहित रु.४४१०५८३५।०८ मा निर्माण सम्पन्न भएको कभर्ड हलको तल्लो पट्टि मध्य पहाडी राजमार्ग र माथिल्लो पट्टि केही बाङ्गो गरी लगाएको सेयर वालको संरचना रहेको पाइयो । सेयर वालको निर्माण गर्दा फर्माको कारण केही बाङ्गो देखिएको भन्ने कार्यालयको भनाई रहेको छ ।

५० **अधुरा आयोजना :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगती कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु. २५ करोड १५ लाख ४० हजारका ७ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरोरहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| सि.नं. | योजनाको नाम | निर्माण व्यसायी/उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | म्याद थपपटक |
|---|---|---|---|---|---|
| १ | तारेभिर सिंचाई योजना | तारेभिर सिंचाई जल उपभोक्ता संस्था | ९९८२८९५.३३ | ०६/०७/२०८० | १ |
| २ | बडहरे सिंचाई योजना | बडहरे सिंचाई जल उपभोक्ता संस्था | ४१८८७८४.८६ | १९/०७/२०८० | १ |
| ३ | भुजे तिनदोभाने सिंचाई योजना | भुजे तिन दोभाने सिंचाई जल उपभोक्ता संस्था | ९०२०३७४.२२ | २८/०८/२०७९ | २ |
| ४ | फलाम खोलासिंचाई योजना | फलाम खोला सिंचाई जल उपभोक्ता संस्था | ६६०९९९७.१३ | १२/०८/२०८० | १ |
| ५ | ओयाम बृहतखानेपानी आयोजना | दिपेश/पुडासाई जे.भी | २९८७४७७३.९७ | २४/११/२०८० | |
| ६ | १५ शैयाअस्पताल निर्माण | नमुना विर जे.भी, बिराटनगर, मोरंग | १४७५२२६४४.४९ | २१/०४/२०७८ | |
| ७ | थर्पुमा.वि. एकेडेमिक ब्लक | हिमतारा पुर्वाधार विकाश कम्पनी, सुनसरी | ४४३४००५५.५२ | ०९/०३/२०७९ | |
| | जम्मा | | २५१५३९५२५.५२ | | |

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालनको गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तथा युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०७९तयार गरिएको छ ।यस वर्ष याङवरक गाउँपालिकाले ८४

जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सकारबाट रु.२६,८०,०००।- र विश्व बैङ्कबाट रु, २६,७२,०००.०० प्राप्त भएकोमा यस पालिका अन्तर्गत रहेका ६ वटा वडाहरूमा अनुसूचीमा संलग्न रहेका १४ योजना सञ्चालन गरी यस वर्ष १३६० जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ८४ जनालाईऔषत ९५.२० दिनले ७ हजार ९ सय ९७ दिन रोजगारी उपलब्ध गराई रु. ५३,४१,९९६।- श्रमिक ज्याला खर्च गरेको छ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालिन रोजागरी सृजना भएको देखिदैन।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले २०७५ सालमा पाँच वर्षे (आ.व. २०७६/७७-२०८०/८१) प्रथम आवधिक योजना तयार गरेको छ । पालिकाले आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दूरदृष्टि, लक्ष्य र उद्देश्यको कार्यान्वियन हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तयार नगरी सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । आवधिक योजनाको योजना तर्जुमा, कार्यान्वियन र अनुगमन तथा मूल्याकंनमा तथ्यपरक र नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वियन, समावेशी र दिगो विकास, नतिजामूलक अनुगमन तथा मूल्याकंन गरिने उल्लेख भएतापनि सोअनुसार पालिकाले योजना तर्जुमा तथा अनुगमन कार्य गरेको छैन भने आवधिक योजनाको समिक्षासमेत गरेको देखिएन । तसर्थ, पालिकाले स्थानीय तहको समग्र विकासका लागि तर्जुमा भएको आवधिक योजनाको दूरदृष्टि, लक्ष्य र उद्देश्यअनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सोको कार्यान्वयन गर्न प्रभावकारी अनुगमन तथा समीक्षा गर्नुपर्दछ ।

५३ **धरौटी सदरस्याहा :**

र्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने, नियम ६७(२) मा एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र उक्त म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको धरौटी स्रेष्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु. १,३५,६३,९१०।५५ बाँकी रहेको छ । कार्यालयले कानुनमा भएको व्यवस्था बमोजिम आवश्यक प्रकृया पुर्याई धरौटी रकम फिर्ता गर्नुपर्ने अन्यथा नियमानुसार सदरस्याहा गरी राजस्व खातामा जम्मा गर्नुपर्दछ ।

५४ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोडभन्दा बढीको पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५५ **वजेट रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट ९५ वटा योजना संशोधन गरी ११२ वटा थप योजनामा रु. ७ करोड ७३ लाख ३८ हजार रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकम कुल

वजेटको तुलनामा १०.९१ प्रतिशत रहेको छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

५६ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरु प्रत्येक वर्षको वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५७ **योजनाको प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाको सुत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८०।८१ मा देहायबमोजिम ६ वडाको लागि वडास्तर र पालिकास्तर गरी कुल ७५ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र सं | खरिदको प्रकार | खरिद सम्झौता | | | | | | | | | | यस वर्षसम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | टोल विकास संस्था | ७१ | १४९२७००० | ४ | १८५०००० | १२ | ३७००००० | ५५ | ९३७७००० | ३ | ५७००००० | ७१ | १४९२७००० |
| २ | ठेक्का | २ | ३३३०६८४० | ० | ० | ० | ० | २ | ३३३०६८४० | ० | ० | १ | ३२५४०९४ |
| ३ | खुल्ला दरभाउ र कोटेशन | २ | १९६८०५६ | ० | ० | ० | ० | २ | १५३८५३६ | ० | ० | १ | ९८९०४६ |

पालिकाले संचालन गरेका योजनामध्ये २० लाख माथिका योजना १६.५ प्रतिशत, ५ लाख देखी २० लाख सम्मका योजना ९.७ प्रतिशत र बाँकी ७८.८ प्रतिशत योजना ५ लाख भन्दा कम लागत अनुमानका रहेका छन् । पालिकाले उपलब्ध गराएको उक्त विवरणअनुसार साना र वितरणमुखी योजनाहरु धेरैसञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५८ **लक्ष्य प्रगती :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगती विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगती विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । पालिकाको सुत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगती देहायबमोजिम रहेका छन्-

| सि.नं | खर्च शिर्षक | योजना संख्या | कुल बजेट रकम (रु. हजारमा) | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | गाँउपालिका पूँजीगत | १४६ | १०३०६४९०८ | ६३.१३ |
| २ | संघीय शसर्त अनुदान | २७ | ६५३००००० | ८७.८९ |
| ३ | संघीय विशेष अनुदान | १ | ११५००००० | ९८.४२ |
| ४ | संघीय समपुरक अनुदान | | ८०००००० | ९८.७५ |
| ५ | प्रदेश शसर्त अनुदान | | ८४६१००० | ७७.५९ |
| ६ | प्रदेश समपुरक अनुदान | | ९७५०००० | ९९.९९ |

पालिकाले विनियोजित बजेट तथा कार्यक्रमको लक्ष्य र प्रगती प्राप्त गर्न तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्दा तोकिएको ढाँचामा वार्षिक प्रगती तयार गर्नुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगती स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगती | ५०% सम्म प्रगती | ७५% सम्म प्रगती | कार्यसम्पन्न |
| **कार्यक्रम संख्या** | १०३ | ० | ० | ३ | ४ | ९६ |

५९ **बजेट अवण्डा राखेको :**

स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । पालिकाले गाउँसभाबाट २०८०।८१ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी अध्यक्ष उपाध्यक्षबाट बाडफाँड हुने पूर्वाधार योजना रु. १२,९८,१७३। बजेट विनियोजन नगरी अवण्डा राखेको छ।गाउँसभाबाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने र स्वविवेकिय आधारमा योजना बाँडफाँड गर्न नपाइने हुँदा गाउँसभा बाट नियममा तोकिए वमोजिम आयोजनागत बजेट बाँडफाँड गरिनु पर्दछ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्रसं | योजनाको नाम | भुक्तानी भएको व्यक्ति | बजेट / खर्च |
|---|---|---|---|
| १ | कुवापानी देखि समर्जुङ मगरडाँडामोटरबाटो मर्मत योजना | साबित्री श्रेष्ठ | १००००० |
| २ | सेरेजा ग्रामिण सडकमर्मत | अविनाश कुमार झा | १००००० |
| ३ | मुक्लाबु बाल बिकाशभवन मर्मत | अविनाश कुमार झा | ७५००० |
| ४ | दोभाने मलामी पार्टीमर्मत संम्भार | अविनाश कुमार झा | ५०००० |
| ५ | वडा कार्यालयमाबालमैत्री धारा निर्माण | अविनाश कुमार झा | ३०००० |
| ६ | सित्तेन सिंचाई कुलोमर्मत | सूर्य बहादुर सेलिङ | ३०००० |
| ७ | सूर्यप्रभात आ.वि.फलैचा मेशीनरी औजार खरिद | मदन के सि | १००००० |
| ८ | बर्मे गोरेटो बाटोनिर्माण | हुकुम बहादुर राम्जा | १००००० |
| ९ | स्वास्थ्य संस्थाहरुमास्तनपन कक्ष निर्माण | डिल्ली रमण पाण्डे | १००००० |
| १० | स्तनपान कक्ष स्थापना | प्राप्ती कार्की | १००००० |
| ११ | स्वास्थ्य चौकी ओयामवेसन तथा प्लम्बिङ व्यवस्थापन कार्य | डिल्ली रमण पाण्डे | १००००० |
| १२ | स्वास्थ्य चौकी ओयामफर्निचर तथा बिजुली व्यवस्थापन | डिल्ली रमण पाण्डे | ५०००० |
| १३ | बिपन्न दलित "बृखब: दर्जी" को घरमा ८०% अनुदानमा शौचालय निर्माण | दिपेन्द्र बुढाथोकि | ८३००० |
| १४ | वडा कार्यालय रस्वास्थ्य चौकीमा स्तनपान कक्ष निर्माण | सूर्य बहादुर सेलिङ | ४८००० |
| १५ | गाँउपालिका भवन जाने मोटरबाटो मर्मत | मोविर पुन | ९०००० |
| १६ | पिङडाँडा धिमाले मोटरबाटो मर्मत | मोविर पुन | १००००० |

६० **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६१ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेटमा छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री बाबा मेन्याङ्बोले २०८०।३।१० गते रु. ५० करोड ८२ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।०३।१८ मा पारित भएको छ । यसैगरी गाउँपालिका अध्यक्षले २०८०।०३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६२ **क्षेत्रगत बजेट र खर्चको स्थिति :**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्यक्षेत्र | वार्षिकवजेट | खर्चरकम | कुलखर्च (प्रतिशत) |
|---|---|---|---|
| आर्थिक विकास | ७,०८,९४,४८५.०० | ५,५०,९३,४९२.०० | ७७.७१ |
| सामाजिक क्षेत्र | २७,७१,१४,०००.०० | २४,१५,५०,६९४.०० | ८७.१६ |
| पूर्वाधार विकास क्षेत्र | ६,१४,९६,४२३.०० | ४,१६,१८,४७१.०० | ६७.६७ |
| वातावरण तथा विपद् व्यवस्थापन | ३,६५,७५,०००.०० | १,३२,०७,७५६.०० | ३६.११ |
| संस्थागत विकास र सेवाप्रवाह | | | |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ८,११,२०,९५१.०० | ४१,३५,०९,५८२.०० | ७६.४७ |
| **जम्मा** | ५२,७२,००,८५९.०० | ४६,८५,२४,५०३.०० | ७८.४३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ८७.१६ प्रतिशत र संस्थागत विकास र सेवाप्रवाह मा सबै भन्दा घटीमा ३६.११ प्रतिशत रहेको छ ।

६३ **पारित बजेट भन्दा बढिको अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भए अनुसार मिति २०८०।०३।१८ गते रु. ५० करोड ८२ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा पेस भएको बजेट सोहि मितिमा पारित भएको देखियो । पारित बजेट बराबरकै खर्च गर्ने अख्तियारी गाउँपालिका अध्यक्ष्यले प्रमुख प्रशासकिय अधिकृतलाई दिनु पर्नेमा रु ५२ करोड ७२ लाख ०० हजारको खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको पाईयो । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा रु १ करोड ८९ लाख २० हजार रुपिया बढि हुने गरि खर्च गर्न अख्तियारी दिएकोमा गांउ सभावाट पारीत भएको प्रमाण पेश हुन आएन । यसरी गाउँसभाबाट सर्व सम्मतिले पारित गरेको वजेट भन्दा बढी अख्तियारी दिने कार्यमा नियन्त्रण गरि पारित बजेटको सिमा सम्मको मात्र अख्तियारी दिनु पर्दछ ।

६४ **विनियोजनभन्दा वढी खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु १ करोड १३ लाख ३१ हजार बढी खर्च गरेको छ । निर्धारित बजेटको सीमा नाघी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| क्र सं | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| | विभिन्न | ८९६१९००० | १००९५०००० | ११३३१००० |

६५ **गत विगतको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर बजेट प्रस्ताव गर्नु पर्ने व्यवस्था छ । पालिकाले विगत वर्षमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) बमोजिमको रकम कार्यपालिका र सभाको निर्णयानुसार चालु आ.व. को बजेटमा समावेश गरी अनुसूचीमा उल्लेख भएको विवरणबमोजिमको १० योजनाहरुमा रु. १५०२६०९४.८ भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं. | योजनाको नाम | भुक्तानी भएको रकम रु | यो वर्षभुक्तानी गरेको आधार |
|---|---|---|---|
| १ | कागुने सिंचाई योजना | १४८४८५ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| २ | कडरिया सिंचाई योजना | २५६१६१ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ३ | भुजे तिनदोभाने सिंचाई योजना | ८२९२३ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ४ | लुङ्गाखोला झो.पु | १५४३९९३ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ५ | रविखोला पावरहाउस झो.पु | २३०६२१२ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ६ | साठिमुरे झो..पु | १९५१८४७ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ७ | लिगलिगे लामासिङ झो.पु | २०९७८७० | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ८ | नुवाखोला ढङ्ढङे झो पु | १९०२६९३ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| ९ | झोलुङ्गे पुलहरुको स्टिल पार्टस खरिद | ४१३५९११ | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| १० | थर्पु क्याम्पस मर्मत | ५००००० | गाउँ कार्यपालिका र गाउँसभाको निर्णय तथा प्रमाणित म.ले.प २२१ |
| | जम्मा | १५०२६०९५ | |

६६ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरुतपशिल वमोजिम रहेका छन्-

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन।

- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक तयार गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका कार्यालयको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको छैन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।
- पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागितासहितका लागत अनुमान तयार गरेको देखिएन ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरिएको छैन भने भ्रमणको केही भुक्तानीमा भ्रमण गर्ने स्थान स्पष्ट नभएको, भ्रमण आदेश दर्ता नभएको र भ्रमण विल स्वीकृत भएको छैन ।
- सोझै खरिदसम्बन्धी कागजातको मूल्याकंन गर्दा मूल्याकंन समितिमा रही कार्यालयको कर्मचारीले बैठक भत्ता भुक्तानी गरेको हुँदा खर्चमा मितव्ययीता अपनाइएको छैन ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भएतापनि सो को कार्ययोजना तयार गरी कार्यान्वियन गरेको पाइएन ।

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औंल्याइएका व्यहोरामध्ये केही सुधार समेत गरेको पाइयो भने सुधार हुन बाँकी कार्यहरू आगामी दिनमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६७ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको स्वीकृत दरबन्दी संरचनाअनुसार आन्तरिक लेखापरीक्षक पाँचौ तहको पद संख्या एक रहेकोमा हाल उक्त पद रिक्त रहेको छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण फालेलुङ गाउँपालिकाको आन्तरिक लेखापरीक्षक श्री दिपेन्द्र कुमार चेम्जोङबाट गराएको छ । आगामी दिनमा पालिकाले आफ्नो दरबन्दीमा भएको आन्तरिक लेखापरीक्षक पदमा कानुनअनुसार पदपूर्ति गरी सम्पूर्ण आर्थिक कारोबारको तोकिएको समयमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

६८ **त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार पारि केन्द्रिय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसारको खर्चको स्थिति त्रैमासिक रुपमा उपलब्ध गराएको छ । पालिकाले उपलव्ध गराएको त्रैमासिक खर्चको स्थिति विश्लेषण गर्दा निम्न अनुसार अन्तिम चौमासिकमा एवं विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | कुल खर्च | त्रैमासिक खर्चको विवरण | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| चालु तर्फ | २७५५८३०३९ | ५९४०१४२८ | १६५९०२४४ | ११०५०४४३२ | ८९०८६९३५ | ६६४२८१०५ |
| पुँजिगत तर्फ | १३७९२६५४३ | ७१११४६८ | १३०२९५६ | ४१२९४४५१ | ८८२१७६६८ | ६७९९५४०७ |

६९ **खर्च बिश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ८७४१००६.० राजस्व बाँडफाँड र अनुदानबाट रु ४१५१७८१७४.० समेत र ४२३९१९१८०.० आम्दानी भएकोमा चालु तर्फ रु २७५५८३०३९.०र पूँजिगत तर्फ रु १३७९२६५४३ समेत रु ४१३५०९५८२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.११ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा र ५११२०००।खर्च भएको छ जुन आन्तरिक आयको ५८.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.३७ प्रतिशत चालु र ३३.६३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम

सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७० **कार्यक्रम सञ्चालन नभएको :**

नगर सभाको बैठक बाट पारित भएको स्वीकृत निम्न कार्यक्रमहरु यस वर्ष कार्यान्वियन भएको पाइएन । यसबाट लक्षित लाभग्राही सो सेवाबाट वञ्चित भएको देखिएकोले स्वीकृत कार्यक्रम अनिवार्य रुपमा कार्यान्वियन गरिनुपर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी गुणस्तर परीक्षण | २२४११ | कोशी प्रदेश - समानिकरण अनुदान | १ | पटक | १००००० | ० |
| २ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई (व्यवसायिक तथा सीपमूलक) तालिम | २२५१२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५०००० | ० |
| ३ | टोल विकास संस्थाहरुको क्षमता विकास | २२५१२ | आन्तरिक श्रोत | १ | पटक | ५००००० | ० |
| ४ | सहकारी व्यवस्थापन (साधरण सभा,ऋण लगानी तथा असुलि) सम्बन्धि तामिम | २२५१२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | १००००० | ० |
| ५ | यु.एस.जि. सेवा सञ्चालन | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ७०००० | ० |
| ६ | माटो परिक्षण शिबिर | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | १००००० | ० |
| ७ | आवधिक योजना निर्माण | २२७११ | कोशी प्रदेश - समानिकरण अनुदान | १ | पटक | १५००००० | ० |
| ८ | पर्यटन गुरु योजना निर्माण | २२७११ | आन्तरिक श्रोत | १ | पटक | १२००००० | ० |
| ९ | विभिन्न आयोजनाको लागी जग्गा प्राप्ती | २२७११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | पटक | १६७१००० | ० |
| १० | कृषि गुरु योजना निर्माण | २२७११ | आन्तरिक श्रोत | १ | पटक | १०००००० | ० |
| ११ | अन्तरसरकार समन्वय सम्बन्धि नीति निर्माण | २२७११ | आन्तरिक श्रोत | १ | पटक | ५००००० | ० |
| १२ | अव्यवस्थित बसोवास तथा भूमि आयोग | २२७११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५००००० | ० |
| १३ | विष्णु मा.वि. च्याङथापु आवासीय छात्रावास सञ्चालन तथा व्यवस्थापन | २५३११ | कोशी प्रदेश - समानिकरण अनुदान | १ | पटक | १००००० | ० |
| १४ | अन्य सामाजिक सुरक्षा | २७११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | पटक | १००००० | ० |
| १५ | लैंगिक हिंसा निवारण कोष | २७२१९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५०००० | ० |
| १६ | विवाद निरुपणको आधारमा मेलमिलाप कर्तालाई सेवा सुविधा | २७२१९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५०००० | ० |
| १७ | सामुदायीक भवन घेराबारा | ३१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५००००० | ० |
| १८ | एम्बुलेन्स खरिद | ३११२१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | पटक | १५००००० | ० |
| १९ | दोभाने पुल मर्मत | ३११५१ | आन्तरिक श्रोत | १ | पटक | २५०००० | ० |
| २० | बडहरे सिंचाई योजना | ३११५५ | आन्तरिक श्रोत | १ | संख्या | ३५००० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | चिवाभञ्याङ देखी तिम्बुङपोखरी पदमार्ग निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | १०००००० | ० |
| २२ | १५ शैया आधारभूत अस्पताल निर्माण | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ५८००००० | ० |
| २३ | दलित आयआर्जन कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | पटक | ५०००० | ० |
| २४ | थर्पु बजार सार्वजनिक शौचालय निर्माण (पालिकासँगको साझेदारी) | ३११५८ | नेपाल सरकार - समानिकरण अनुदान | १ | पटक | ३००००० | ० |
| | **जम्मा** | | | | | **१७०२६०००** | |

## ७१ सेवा प्रवाह :

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, सम्बन्ध विच्छेद) लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ६४१ | ६३८ | |
| २ | घरबाटो सिफारिस | १६० | १६० | |
| ३ | नाता प्रमाणित | २७७ | २५३ | |
| ४ | व्यक्तिगत घटना दर्ता | ९४२ | ९४२ | |
| ५ | अन्य | ३२०६ | ३२०६ | |

पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ७२ न्यायिक समिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यस बर्ष विभिन्न विषयका १२ वटा विवाद दर्ता भएकोमा १० वटा फछ्र्यौट भईसकेको र २ वटा फस्र्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७३ कानून र सञ्चालन स्थिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तहसञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हाल सम्म १६ वटा ऐन, ४ वटा नियमावली, २२ कार्यविधि लगायत ४२ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

## ७४ पेश्की बाँकी :

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१६** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-१९** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

७५ **शिक्षक तलब भत्ता :**

स्थानीय तह अन्तर्गत कार्यरत आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरबन्दीका शिक्षकहरुको पारित तलबी प्रतिवेदन, स्वीकृत राहत अनुदान कोटाका शिक्षक, स्थानीय तहका लागी स्वीकृत कोटाका आधारमा बालबिकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब भत्ता निकासा गर्दा शिक्षकले विद्यालयमा उपस्थित भई अध्यापन गराएको प्रमाणित हाजिरीका आधारमा माग फारम भरि विद्यालयले स्थानीय तहसमक्ष तलब भत्ता निकासा माग गर्नुपर्दछ र सोही माग निकासालाई रुजू गरी शिक्षा अधिकृतबाट प्रमाणित गराई तलब भत्ता निकासा गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ३७ वटा विद्यालयलाई रु १२,४०,५३,३५४।- निकासा गर्दा प्रमाणित हाजिर बेगर नै निकासा गरेको पाइयो । प्रमाणित हाजिर बेगर माग फारमका आधारमा मात्र तलब भत्ता निकासा गर्दा विद्यालयमा अनुपस्थित हुने, अवकाश भएका, रमाना हुने र नँया नियुक्ति लिइ अध्यापन गराएका शिक्षकहरुको तलब अध्यापन गराएको मितिसम्म मात्र भएको हो भनि यकिन हुन सकिएन । विद्यालयमा कार्यरत अवधि भन्दा धेरै समयको तलब भत्ता भुक्तानी भए नभएको सम्बन्धमा स्थानीय तहले यकिन गरि बढी निकासा भएको पाइएमा असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ ।

७६ **कर्मचारी व्यवस्थपन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोतसमेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाबाट प्राप्त विवरणअनुसार ७१ जनाको स्वीकृत दरवन्दी रहेकोमा संघ बाट समायोजन, साविक स्थानीय निकायमा कार्यरत, आन्तरिक पदपूर्तिबाट जम्मा ५१ पदपूर्ति भएको छ भने २४ वटा पदहरु रिक्त रहेको देखिन्छ । पालिकाले प्रभावकारी सेवा प्रवाह गर्नका लागि रिक्त पदमा प्रदेश लोक सेवामार्फत पदपूर्ति गर्ने, दरबन्दी समायोजन गर्ने तथा कर्मचारीहरूलाई प्रदान गर्ने भत्तामा मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

७७ **स्वीकृत दरबन्दी बेगरको तलबभत्ता :**

निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता भुक्तानी गर्न नहुने व्यवस्था रहेको छ ।पालिकामा राजपत्राकिंत तृतीय श्रेणी इन्जिनियर पदको स्वीकृत दरबन्दी संख्या १ मात्र रहेकोमा थप १ जना इन्जिनियरलाई रा.प तृतीय श्रेणी बराबरको तलब भत्ता भुक्तानी हुने गरी करार सम्झौतामार्फत २०८० कार्तिक देखि २०८० फाल्गुण सम्म रु ४३६८९ प्रतिमहिनाको दरमा रु २१८४४५ भुक्तानी गरेको पाइयो । प्रचलित कानून विपरित हुने गरी भएको उक्त खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१८,४४५ |

७८ **कर्मचारी प्रोत्साहन भत्ता :**

पालिकाको कर्मचारी प्रोत्साहन ऐन, २०७९ को दफा ७(१) मा कर्मचारीहरुलाई कार्यालयको आवश्यकता, राजश्वको क्षमता, कार्यसम्पादनको प्रभावकारितालाई मध्यनगर गरी खाइपाई आएको तलब भत्ता, थप सेवा सुविधाको अतिरिक्त कार्यसम्पादन मूल्यांकनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने, दफा ९(१) मा यस ऐनबमोजिम उपलब्ध गराईने मौद्रिक सेवा सुविधा तथा प्रोत्साहन भत्ताको हकमा गाउँपालिकाको आन्तरिक राजश्वबाट मात्र खर्च गर्नुपर्ने, दफा ९ (२) मा तोकिएको विभिन्न सूचकको अंक बढेकोजस्ता आधार र तथ्यको आधारमा समितिले सिफारिस गरेमा पालिकाले संघ तथा प्रदेश सरबारबाट प्राप्त राजश्व बाँडफाँडको शिर्षकबाट अपुग बजेट व्यवस्थापन गर्ने र दफा ११ (१) मा यसर ऐनबमोजिम उपलब्ध गराइने सेवा सुविधा तथा प्रोत्साहन भत्ताको वित्तीय तथा

प्रशासनिक प्रगती समितिले चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष कर्मचारीहरूलाई प्रोत्साहनवापत रु. २७,३३,१३६।- भुक्तानी गरेकोमा सम्पूर्ण रकम संघिय सरकारबाट प्राप्त राजश्व बाँडफाँडबाट भएको देखिन्छ । पालिकाले आन्तरिक आय क्षमता बृद्धि गरेर मात्र कर्मचारीलाई प्रोत्साहन भत्ता भुक्तानी गर्नुपर्दछ ।साथै पालिकाले कानुनबमोजिम समितिको सिफारिसमा कार्यपालिकाबाट खर्चका लागि सहमति नलिएको र वित्तीय तथा प्रशासनिक प्रगती चौमासिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्नेमा नगरेको हुँदा आगामी दिनमा कानुनको पूर्णरुपमा पालना गर्नुपर्दछ ।

७९ **कर्मचारी कल्याण कोष :**

पालिकाको कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०७७ अनुसार कर्मचारीको हकहित प्रवर्द्धन तथा कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी बनाउने र प्रोत्साहित गर्ने उद्देश्य पुरा गर्न गाउँसभाबाट आवश्यकताअनुसार बजेट विनियोजन गरी छुट्टै कोष खाता सञ्चालन गर्ने र कोष प्रवाहका शर्तहरू उल्लेख गरेको छ । पालिकाले याङवरक गाँउपालिकाको कर्मचारी प्रोत्साहन ऐन, २०७९ को दफा ५ र नियमावली, २०८० को नियम १२ बमोजिम यो आर्थिक वर्ष ४ जना करार सेवामा कार्यरत कर्मचारीलाई प्रोत्साहान स्वरुप रु ४ लाख ७६ हजार उपदान भुक्तानी गरेको छ । कोष लाई थप व्यवस्थित गर्दै लैजानु पर्दछ ।

८० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

८१ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्ने लगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्त बमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले उक्त मापदण्ड तर्जुमा गरी सो को प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८२ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका तथा अन्तर्गत् कार्यालयमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा यसै अनुसूची साथ संलग्न रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८३ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम १०६(१) मा नियम ९९ बमोजिम सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुन: प्रयोग गर्न नसकिने, मर्मत गरी पुन: प्रयोग गर्न सकिने भएतापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया शुरु गर्नुपर्ने व्यवस्था

रहेको छ । कार्यालयले यस आर्थिक वर्षमा जिन्सी निरीक्षणबाट लिलाम गर्नुपर्ने भनि तोकिएका जिन्सी मालसामानहरु लिलाम बिक्री गरेको पाइएन । जिन्सी मालसामानहरु नियमानुसार प्रकृया पुराई लिलाम बिक्री गर्नुपर्दछ ।

८४ **अनुदान रकम फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम संघीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले संघीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको सुत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८१ असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम संघीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

| सि.नं. | अनुदानको शीर्षक | फिर्ता गर्नुपर्ने रकम रु. | फिर्ता गरेको रकम रु. | फिर्ता गर्न बाँकी रकम रु. |
|---|---|---|---|---|
| १ | संघ ससर्त चालु/ पुँजीगत/ विशेष/ समपुरक अनुदान | २८८५३१४३ | २८८५३१४३ | बाँकी नदेखिएको |
| २ | प्रदेश ससर्त चालु/ पुँजीगत/ समपुरक अनुदान | १९०३३५२ | १९०३३५२ | बाँकी नदेखिएको |

८५ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले हालसम्म आर्थिक सहायता परिचालन सम्बन्धी कार्यविधि निर्माण गरेको छैन । तर, पालिकाले निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट स्वास्थ्य उपचार र विपदमा विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ४ लाख ३५ हजार आर्थिक सहायता वितरण गरेको छ । आगामी दिनमा पालिकाले आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई वास्तविक पिडितलाई राहत प्रदान गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

८६ **नाफामूलक संस्थालाई भुक्तानी :**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानिय पूर्वाधार बिकास तथा दिर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । पालिकाले अनुसूचीमा संलग्न सहकारीहरुलाई अनुदान रकम भुक्तानी दिएको छ । यसरी नाफा कमाउने उद्धेश्यले स्थापना भएका बहुउद्धेशियलगायतका सहकारी संस्थाहरुलाई भुत्तानी दिनु नियमसम्मत देखिएन । यसरी भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| सि नं | शिर्षक वा प्रयायोजन | प्राप्त गर्नेको नाम | रकम |
|---|---|---|---|
| १ | याङवरक नमुना साना किसान कृषी सहकारी संस्था लि. कार्यलय व्यवस्थापन | याङवरक नमुना साना किसान कृषी सहकारी संस्था | ९७००० |
| २ | हरी ह्रदुलय लघु जल विद्युत मर्मत सम्हार तथा सामाग्री खरिद | हरी ह्रदुलय नेवाखोला लघु जे वि पि | ५८२००० |
| | **जम्मा** | **प्राप्त गर्नेको नाम** | **६७९०००** |

| | |
|---|---|
| अनियमित भएको | ६,७९,००० |

८७ **सहकारीलाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्थाअनुसार नाफा कमाउने उद्धेश्यले स्थापित सहकारी संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले यो वर्ष याङवरक नमुना साना किसान सहकारी संस्थालाई कार्यालय व्यवस्थापनको लागी रु ९७०००।- अनुदान दिएको छ । सहकारी संस्थागत क्षमता सुदृढीकरणका लागि अनुदान

दिएको पालिकाले प्रतिक्रिया दिएको छ । पालिकाले यसरी सहकारीलाई दिएको अनुदान नियमसम्मत देखिएन । साथै, पालिकाले आगामी दिनमा यस्तो अनुदान वितरणमा पूर्णरुपमा नियन्त्रण गर्नुपर्दछ ।

८८ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा १७ वटा सहकारीहरुको विवरण रहेको र अन्यको विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाले तयार गरेको सहकारी प्रोफाइलअनुसार १० वटा सहकारीहरुको कुनै पनि तथ्याकं अद्यावधिक भएको देखिदैंन । पालिकाभित्रका सबै सहकारीहरू प्रणाली आबद्ध नहुनु तथा नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिकाअनुसार सफ्टवेयर प्रणालीमा सहकारीको विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन र उजुरी फछ्र्यौट गर्नुपर्दछ ।

८९ **स्थानीय सञ्चित कोष :**

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार पालिकाको आर्थिक वर्ष २०८०।८१ को स्थानीय सञ्चित कोषकोआय व्यय विवरण निम्नानुसार रहेको छ।

८९.१ **आर्थिक कारोबारको स्थिती**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिकसङ्केत | विवरण | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ७,८७,२२,३०१.९२ | ० | ७,८७,२२,३०१.९२ | ७,३८,३१,१५१.९५ | ० | ७,३८,३१,१५ |
| १३००० | अनुदान | ३३,५१,३०,४७८.०० | ० | ३३,५१,३०,४७८.०० | ३८,९५,३८,०३७.०० | ० | ३८,९५,३८,० |
| १४००० | अन्यराजस्व | ९६,५०,१४०.५८ | ० | ९६,५०,१४०.५८ | १,२७,७७,८६९.९६ | ० | १,२७,७७,८६ |
| १५००० | विविधप्राप्ति | ४,१६,२६०.०० | ० | ४,१६,२६०.०० | १३,७८,९६५.०० | ० | १३,७८,९६५. |
| ३३३६६ | दहत्तरबहत्तर शुल्क | ० | ० | ० | ० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | ४२,३९,१९,१८०.५० | | ४२,३९,१९,१८०.५० | ४७,७५,२६,०२३.९१ | | ४७,७५,२६,० |
| २ | चालु | २७,५५,८३,०३९.०० | ० | २७,५५,८३,०३९.०० | २८,३६,२१,८१४.०० | ० | २८,३६,२१,८ |
| २१००० | पारिश्रमिक / सुविधा | १६,३१,४२,८८९.०० | ० | १६,३१,४२,८८९.०० | १७,९१,७५,१६६.०० | ० | १७,९१,७५,१ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ४,६०,९६,४२४.०० | ० | ४,६०,९६,४२४.०० | ५,२७,३३,९१५.०० | ० | ५,२७,३३,९१ |
| २५००० | सहायता (Subsidy) | ५,२७,४१,३५६.०० | ० | ५,२७,४१,३५६.०० | ३,२०,९०,२२४.०० | ० | ३,२०,९०,२२ |
| २६००० | अनुदान | ३,४०,०००.०० | ० | ३,४०,०००.०० | २०,००,०००.०० | ० | २०,००,०००. |
| २७००० | सामाजिकसुरक्षा | १,०६,२५,०२०.०० | ० | १,०६,२५,०२०.०० | १,४५,१९,२२३.०० | ० | १,४५,१९,२२ |
| २८००० | अन्यखर्च | २६,३७,३५०.०० | ० | २६,३७,३५०.०० | ३१,०३,२८६.०० | ० | ३१,०३,२८६. |
| ४ | पूंजीगत | १३,७९,२६,५४३.०० | ० | १३,७९,२६,५४३.०० | १८,४९,०२,६८९.०० | ० | १८,४९,०२,६ |
| ३१११० | भवनतथा संरचना | ५४,४५,८८७.०० | ० | ५४,४५,८८७.०० | ३,५५,५९,४९२.०० | ० | ३,५५,५९,४९ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,२६,८२,५९४.०० | ० | १,२६,८२,५९४.०० | ६९,८१,६१६.०० | ० | ६९,८१,६१६. |
| ३११३० | अन्यपूँजीगत खर्च | १,९९,९९८.०० | ० | १,९९,९९८.०० | १८,३२,६००.०० | ० | १८,३२,६००. |
| ३११४० | सुरक्षाउपकरण | ० | ० | ० | ४८,५००.०० | ० | ४८,५००.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ११,८६,०९,४२२.०० | ० | ११,८६,०९,४२२.०० | १४,०४,८०,४८१.०० | ० | १४,०४,८०,४ |
| ३१२२० | मौज्दातसामानहरु | ९,८८,६४२.०० | ० | ९,८८,६४२.०० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख) | **कुलजम्मा भुक्तानी** | ४१,३५,०९,५८२.०० | | ४१,३५,०९,५८२.०० | ४६,८५,२४,५०३.०० | | ४६,८५,२४,५० |
| ग) | **बचत /कमी (ग = क-ख )** | १,०४,०९,५९८.५० | | १,०४,०९,५९८.५० | ९०,०१,५२०.९१ | | ९०,०१,५२०.९ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | (७,९०,६१९.१०) | | (७,९०,६१९.१०) | ४५,३५,१११.५५ | | ४५,३५,१११.५ |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | ६,४००.०० | | ६,४००.०० | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ९६,१८,९७९.४० | | ९६,१८,९७९.४० | १,३५,३६,६३२.४६ | | १,३५,३६,६३ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ७,६८,४१,०२२.९५ | | ७,६८,४१,०२२.९५ | ६,३३,०४,३९०.४९ | | ६,३३,०४,३९ |
| छ) | **विनिमयनाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ८,६४,६०,००२.३५ | | ८,६४,६०,००२.३५ | ७,६८,४१,०२२.९५ | | ७,६८,४१,०२ |

स्थानीय सञ्चितकोषको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा यस प्रतिवेदनको सम्बन्धित शिर्षकमा औल्याइएको छ ।

८९.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,७६,६८,४०१, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,९२,२७,७११ र स्वाथ्य सुधार कर्यक्रम रु. १५,१५,००० समेत गरी रु ८,८४,११,११२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

८९.३ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु७६८४१०२२.९५ , यस वर्षको प्राप्ति

रु.१०९१६६८०२.५,यस वर्षको भुक्तानी रु.१०९९५७४२१र बैङ्क मौज्दात रु. १०९१६६८०२.५फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ७६८४१०२३ | ४२३९१९१८० | ४१३५०९५८२ | ५००७६०२०३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७६८४१०२३ | ५३३०८५९८३ | ५२३४६७००३ | ६०९९२७००५ |
| फरक | ० | -१०९१६६८०३ | -१०९९५७४२१ | -१०९१६६८०३ |

प्रत्येक शिर्षकमा शुरु मौज्दात राखेर हिसाव गर्दा बढी घटी देखिएको अवस्थामा फेरी एक मुष्ठ गत आ ब को मौज्दात राखेर हिसाव मिलान गरेको छ ।

८९.४ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **सि.नं.** | **खाताको नाम** | **खाता नं.** | **श्रेस्ता अनुसार** | **बैंक अनुसार** | **फरक रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| **१** | प्रकोप व्यवस्थापन | २६१५१९५१५५००१५ | ५०८२२४.०० | ५०८२२४.०० | ०.०० | |
| **२** | विभाज्य कोष | २६१५१९५१५५००४७ | ४३२५४०.०० | ४३२५४०.०० | ०.०० | |
| **३** | विविध कोष | २६१५१९५१५५००६६ | ३००८०९५.५० | ३९१५२३८.५० | ९०७१४३.०० | **बैंकबढी** |
| **४** | धरौटि खाता | २६१५१९५१५५००८२ | १३५६३९१०.५५ | १३५६३९१०.५५ | ०.०० | |
| **५** | आन्तरिक राजश्व | २६१५१९५१५५०१०४ | ०.०० | ९९९९४.५७ | ९९९९४.५७ | **बैंकबढी** |
| **६** | आक्समिक कोष | २६१५१९५१५५०१३९ | १०४०२७५.०० | १०४०२७५.०० | ०.०० | |
| **७** | संचित कोष | २६१५१९५१५५००७४ | ६७९००३५७.३० | ६७९००३५७.३० | ०.०० | |
| **८** | पुजीगतखाता | २६१५१९५१५५०१४७ | ६४००.०० | ०.०० | -६४००.०० | **दाखिलाबाँकी देखिएको** |
| **८** | आन्तरिकराजश्व नगद | २६१५१९५१५५०१०४ | २००.०० | ०.०० | -२००.०० | **नगद** |
| **जम्मा** | | | ८६४६०००२.३५ | ८७४६०५३९.९२ | १०००५३७.५७ | |

८९.५ **बैंक मौज्दात :** श्रेष्ता अनुसार र बैकअनुसार मौज्दात भिडान हुनुर्दछ। यस बर्ष श्रेस्ता अनुसार बैंक मौज्दात रु. ८६४६०००२.३५ देखिएकोमा बैंक अनुसार रु. ८७४६०५३९.९२ मौज्दात देखिएकोले श्रेष्ताअनुसार भन्दा बैंक बैंकबढी अनुसार कूल मौज्दात रु.१००७१३७।५७ बढी देखिएको छ। त्यसैगरी स्थानीय तह पुजीगतखाता रु ६४०० र आन्तरिकराजश्व नगद रु २०० खातामा श्रेष्तानुसार बैक घटी देखिएको र स्थानिय तह विविध कोष खातामा र आन्तरिक राजश्व खातामा रु ९९९९४.५७ श्रेस्तानुसार भन्दा बैक अनुसार रु. ९०७१४३।बढी देखिएको छ। बैक र श्रेस्ता अनुसार बैक भिडान नहुनुको कारण पत्ता लगाई हिसाब मिलान गर्नुपर्ने र बैक बढी रकम आम्दानी बाध्नुपर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : याङवरक गाउँपालिका, पाँचथर , याङवरक गाउँपालिका , पाँचथर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री सुमन लिङदेन (लिम्बु) | २०७८-९-२५ | २०८०-१०-२५ |
| कार्यालय प्रमुख | स्काई पोख्रेल | २०८०-१०-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चन्द्र कुमार थापा | २०७६-१-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०३०,५५१.११ | ९,९५३,१५९ | १९,७८०,५२९.५६ | ० | ० | ४५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३१,२१४,२३९.६७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २१,२६१,०८०.६७ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,९५३,१५९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७६८४१०२३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०२०५७९४२ | चालु खर्च | ३४७५४२४५२ |
| प्रदेश सरकारबाट अनुदान | ३७७९१२९६ | पूँजीगत खर्च | १७०६८५८९० |
| राजश्व बाँडफाँट | ८००४७६९६ | वित्तीय/अन्य व्यवस्था | २१५४६३०९ |
| आन्तरिक आय | ८७४१००६.० | | |
| अन्य आय | २०७५५६९० | | |
| कुल आय | ५४९३९३६३० | कुल खर्च | ५३९७७४६५१ |
| बाँकी मौज्दात | | ८६४६०००२ | |

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | योजनाको नाम | स्थान /वडा | श्रमिक संख्या | जम्मा कार्य दिन | लागत अनुमान | खुद गरेको कार्य | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | चाम्लिङ डाँडा एकराते पदमार्ग निर्माण योजना | १ | ५ | ४३१ | २८८७६८.७५ | २८९८३९.६० | २८७९०८ |
| २ | याङवरक २ फलैचा पदमार्ग निर्माण योजना | २ | ५ | ४३० | २८९०२६ | २९०१४४.२९ | २८७२४० |
| ३ | याङवरक ३ ओयाम -भञ्ज्याङ पदमार्ग निर्माण योजना | ३ | ५ | ५०० | ३३७८३५.२५ | ३३९०८५ | ३३४००० |
| ४ | ओयाम आलुबारी देउराली सातथुम्के सुकाढाप लामपोखरी पर्यटकिय पदमार्ग निर्माण योजना | ३ | १४ | १३४४ | ९००६००.९० | ९०१८३६.२४ | ८९७७९२ |
| ५ | याङवरक-४ सडक मर्मत योजना | ४ | ५ | ४३१ | २८८७०४.२५ | ३११४८० | २८७९०८ |
| ६ | दारिम्बा सिरिसे सुनुवार गोलाई एसेलु मोटरबाटो मर्मत योजना | ५ | ५ | ४३० | २८८५६१ | २८९५५२.४० | २८७२४० |
| ७ | नागि सडक मर्मत योजना | ६ | ५ | ४३१ | २८८८८३.८० | २८८५८१.५५ | २८७९०८ |
| ८ | डाडे-मौलो छागे गोरेटो बाटो मर्मत योजना | १ | ७ | ७०० | ४६७६५०.५० | ४६८३६१.३५ | ४६७६०० |
| ९ | याङवरक २ फलैचा भलबाडी नियन्त्रण योजना | २ | ५ | ५०० | ३३४३६८ | ३३६२२५.६० | ३३४००० |
| १० | याङवरक ३ ओयाम सडक मर्मत योजना | ३ | ५ | ५०० | ३३४५३६.३० | ३३६६६३ | ३३४००० |
| ११ | कोल्बोटे सुमारो देविस्थान कुवापानी गोरेटो बाटो मर्मत योजना | ४ | ६ | ६०० | ४००९५६.५० | ४०११४३ | ४००८०० |
| १२ | चमाखु सिरिसे सिम्ले वडा कार्यालय गोरेटो बाटो मर्मत योजना | ५ | ७ | ७०० | ४६७७४८ | ४६९६२१.८० | ४६७६०० |
| १३ | काबेली गणेशचोक कालोपानी सडक मर्मत योजना | ६ | ५ | ५०० | ३३४४५०.८० | ३३६११५.७३ | ३३४००० |
| १४ | सार्कीगोलाई दारिम्बोटे फलेदेघर सडक मर्मत योजना | ६ | ५ | ५०० | ३३४८४६.५८ | ३३५९५२ | ३३४००० |
| | **जम्मा** | | **८४** | **७९९७** | **५३५६९३६.६३** | **५३९४६०१.५६** | **५३४१९९६** |

## बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | | | | |
| सिरिसे ६ क. कि.न. १६९, ५-०-०-० | २०७६/०२/२३ | | निःशुल्क | |
| सिरिसे ६ ख. कि.न. २३, १-१०-३-० | २०७४/०९/२५ | | निःशुल्क | |
| सिरिसे ८ क. कि.न. २९६, २-६-०-० | २०७४/१०/२२ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३०१, ०-४-०-० | २०७४/०४/११ | | निःशुल्क | |
| सिरिसे ८ क. कि.न. ३०२, १-०-०-० | २०७५/०३/१३ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३०३, ०-१३-०-० | २०७४/०४/११ | | निःशुल्क | |
| मुकुबुङ १ ख. कि.न. ३०४, ०-८-०-० | २०७६/०२/१७ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३०५, १-१५-०-० | २०७६/०९/२३ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३०६, ०-१-०-२ | २०७४/०४/११ | | निःशुल्क | |
| फलैँचा ९ग. कि.न. ३०७, २-०-०-० | २०७५/१२/२० | | निःशुल्क | |
| सिरिसे ८ क. कि.न. ३०६, १-८-०-० | २०७५/०५/१२ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३१०, ०-२-०-१ | २०७४/०४/११ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३१३, ०-३-०-३ | २०७४/०४/११ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ३०८, ०-१-०-१ | २०७४/०४/११ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ११४, ०-९-२-३ | २०५४/०९/०६ | | निःशुल्क | |
| फलैँचा ४ ख. कि.न. ११८, ०-२-१-१ | २०५४/०९/०६ | | निःशुल्क | |
| सिरिसे ८ क. कि.न. ३२७, ०-८-०-० | - | | निःशुल्क | |
| सिरिसे ८ क. कि.न. ३३५, १-०-०-० | २०७७/०४/२९ | | निःशुल्क | |
| मुकुबुङ १ क. कि.न. ३६४, ०-०-०-२ | २०७४/०९/२५ | | निःशुल्क | |
| मुकुबुङ ९. कि.न. ४३७, २-४-२-० | २०७७/०८/३० | | निःशुल्क | |
| मेदिबुङ ३. कि.न. ४५८, १-६-१-३ | २०७७/०८/०८ | | निःशुल्क | |
| मेदिबुङ ३. कि.न. ४६०, ५-१३-३-१ | २०७७/०८/०७ | | निःशुल्क | |
| मेदिबुङ ३. कि.न. ४६२, १-०-०-० | २०७७/०८/०८ | | निःशुल्क | |
| मेदिबुङ ३. कि.न. ४६४, १-०-०-० | २०७७/०८/०८ | | निःशुल्क | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| सिरिसे २ क. कि.न. ५५९, १-०-०-० | २०७४/११/२८ | | निःशुल्क | |
| सिरिसे २ क. कि.न. ५६३, २-०-०-० | २०७५/०२/३१ | | निःशुल्क | |
| मुकुबुङ ९. कि.न. ५७४, २-०-०-० | २०७४/०९/२५ | | निःशुल्क | |
| मुकुबुङ ९. कि.न. ५७६, १-११-३-२ | २०७४/०९/२५ | | निःशुल्क | |
| मुकुबुङ ९. कि.न. ५८८, २-८-०-० | २०७७/०८/३० | | निःशुल्क | |
| सिरिसे ८क. कि.न. ७४, ३-८-३-३ | २०७४/११/२८ | | निःशुल्क | |
| च्याङ्थापु ४. कि.न. ८०, ०-४-०-० | २०७७/०३/१६ | | निःशुल्क | |
| च्याङ्थापु ९. कि.न. ३९८, १-०-०-० | २०६७/०३/२५ | | निःशुल्क | |
| च्याङ्थापु ९. कि.न. ३८७, २-११-२-० | २०७४/१०/०३ | | निःशुल्क | |
| च्याङ्थापु ९. कि.न. ३८९, ०-४-०-० | २०७४/१०/०३ | | निःशुल्क | |
| च्याङ्थापु ९. कि.न. ३९१, २-०-२-० | २०७४/१०/०३ | | निःशुल्क | |
| चित्तोक ६ ग कि न ११०, ०-१०-०-० | २०७२/०८/१६ | | निःशुल्क | |
| चित्तोक ६ ग कि न १०८, ३-८-०-० | २०७२/०८/१६ | | निःशुल्क | |
| चित्तोक ६ ग कि न ११२, ०-८-०-० | २०७२/०८/१६ | | निःशुल्क | |
| चित्तोक ६ ग कि न ११५, १-०-०-० | २०७२/०८/१६ | | निःशुल्क | |
| चित्तोक ५ क कि न २३८, ०-६-१-२ | २०७२/०८/१६ | | निःशुल्क | |
| मुकुबुङ ९. कि.न. ५८६, ३-०-०-० | २०७७/०८/३० | | निःशुल्क | |
| फलैँचा ९ ष, कि.न. १८८, ३-०-०-० | २०५३/११/१४ | | निःशुल्क | |
| फलैँचा ६ क, कि.न. २२७, ०-४-०-० | २०७६/०१/१७ | | निःशुल्क | |
| ओयाम ४ ख, कि.न. १७२,०-१२-०-० | २०६८/०८/२९ | | निःशुल्क | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | | | |
| जीप (चारपाङ्ग्रे) | | १ | ३२१२३९०।- | |
| मोटरसाइकल | | २७ | ६६७९५९५।- | |
| स्कुटर | | २ | ४०००००।- | |
| Backhoe loader | | १ | ५४०००००।- | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | | | |
| जेनेरेटर | | ३ | ७५११५००।- | |

| | | | | |
|---|---|---|---|---|
| टोटल स्टेशन ट्राइपड सहित | | १ | ७८०००००।- | |
| ल्यापटप | | १५ | ९३९१५८।- | |
| इन्भर्टर | | ५ | ६०४६००।- | |
| डिजिटल कङ्क्रिट टेस्ट ह्यामर | | १ | ३५४६००।- | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | नभएको | | | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।